जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९                                        स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४    अंक ४४    २०८१ साल भदौं २४ गते सोमबार (9 Sep. 2024 Monday)    मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : अर्वाडहरुको दौडमा बैंकिङ.. ३ पृष्ठमा : मुस्लिम समुदायका जुम्ल्याहा ... ३ पृष्ठमा ग्रीसद्वारा आर्थिक संकटको...

# दुई प्रमुख प्रशासकीय अधिकृत, एक वर्तमान वडाअध्यक्षसहित १९ जनाबिरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर




**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

सप्तरीको तिरहुत गाउँपालिका ५ स्थित पर्यटन क्षेत्र गेट निर्माण, अधुरो भवन निर्माण, रंगरोगन तथा व्यवस्थापन सम्बन्धी योजना तथा सोलार बत्ति जडान लगायतका कार्यमा सम्झौता बमोजिमको कामै नगरि रकम अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार १९ जना बिरुद्ध विशेष आदालतमा मुद्दा दायर गरेको छ ।

तिरहुत गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव ( हाल राजगढ गाउँपालिका) र इन्जिनियर खुर्सेद इक्राम ( अवकाश प्राप्त)ले आ.ब. २०७५/७६ मा वडा नं. ५ स्थित पर्यटन क्षेत्रमा गेट निर्माण, अधुरो भवन निर्माण, रंगरोगन सम्वर्द्धन तथा व्यवस्थापन कार्यका लागि योजनाको सम्झौता पत्रमा सही छाप गरेको विपरीत काम भएको अख्तियारले विशेष अदालतमा दायर गरेको आरोप पत्रमा उल्लेख छ । उनीहरुले कम काम गरि बढी काम गरेको भनी तयार गरेको प्राविधिक मुल्याङ्नसहितको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गरि भुक्तानीका लागि आदेश सदर गरि ११ लाख १९ हजार ९ सय ४९ रुँपैया ३३ पैसा उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको अख्तियारको आरोप छ । दुबै जना माथी ११ लाख १९ हजार ९ सय ४९ रुँपैया ३३ पैसा बिगो र जरिवाना माग दाबी कायम गरि मुद्दा दर्ता गरिएको छ ।

सोही योजनामा तत्कालिन लेखा प्रमुख सोनु कुमार सोनीले योजनाको भुक्तानी गर्दा नियमानुसार भुक्तानी गर्नुपर्नेमा सो नगरि ५ लाख ३९ हजार ३ सय ८५ रुपैया ८९ पैसा बढी भुक्तानी दिएको तथा उपभोक्त समितिले पेश गरेको बिल बिजकहरु जारि भएको मिति योजना सम्झौता मिति भन्दा अगावै जारि भएको देखिएबाट उक्त बिल भरपाई झुठा तथा नक्कली पुष्टि भएको अवस्थामा उक्त झुठा बिल बिजक वापतको १ लाख ९५ हजार ८ सय ९५ रुँपैया समेत गरि ७ लाख ३५ हजार २ सय ८० रुँपैया ८९ पैसा बढी भुक्तानी गरेकोले सोही बमोजिमको बिगो वसुल उपरसहित कैदको माग दाबी अख्तियारले दायर गरेको आरोप पत्रमा उल्लेख छ ।

सोही योजनामा अनुगमन तथा भुक्तानीमा संलग्न गाउँपालिकाका तत्कालिन उपाध्यक्ष तिर्थमाया खत्वे, योजना अनुगमन समितिका सदस्य दुर्गानन्द यादव (वडा नं. ३ का स्वास्थ्य शाखा प्रमुख), बिरेन्द्र कुमार यादव (वडा नं. २ का वडा सचिव), भोगानन्द महात्मान (वडा नं. ३ का निर्वतमान वडा अध्यक्ष) र रमानन्द चौधरी (वडा नं. ५ का वडा अध्यक्ष)ले बास्तविक भए गरेको कार्य भन्दा बढी गरेको भनी नभए गरेका कुरा देखाई भुक्तानीको प्रतिवेदन पेश गरि सोही बमोजिम झुठा बिल भरपाईको आधारमा भुक्तानीको टिप्पणी र आदेश सदर भई ११ लाख १९ हजार ९ सय ४९ रुँपैया ३३ पैसा उपभोक्ता समितिलाई बढी भुक्तानी दिन लगाएकोले सोही अनुसारको जरिवाना र कैदको सजाय गर्न अख्तियारले माग दाबी लिएको छ ।

सोही योजनाका उपभोक्ता समितिका अध्यक्ष शिवनाथ चौधरी, सचिव देवकान्त चौधरी र कोषाध्यक्ष चन्द्री देवीलाई समेतलाई अख्तियारले विपक्षी बनाई ११ लाख १९ हजार ९ सय ४९ रुँपैया ३३ पैसा बिगो समेत सजायको माग गर्दै मुद्दा दायर गरिएको छ ।

यस्तै सोही पालिकामा ६ वर्षअघि वडा नं. १ देखी ५ सम्म भएको सोलार बत्ति जडान कार्यमा नापी किताब अनुसार कार्य नगरि वास्तविक कार्य भन्दा बढी भुक्तानी दिएको आरोपमा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रामनारायण साह, इन्जिनियर उग्रानन्द पाठक, सवइन्जिनियर जागेश्वर मण्डलसहित ९ जना बिरुद्ध अख्तियारले आइतबार नै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आ.ब. २०७४/७५ मा सोलार बत्ति खरीद तथा जडान कार्यका लागि भएको सम्झौता बमोजिम काम नभएको तर प्राविधिक मुल्याङनसहितको नापी किताब तयार गरि भुक्तानीको आदेश र टिप्पणी गरि काम भन्दा ६ लाख ४५ हजार ६ सय ६५ रुँपैया बढी भुक्तानी दिएको अख्तियारद्वारा विशेष अदालतमा दायर आरोप पत्रमा उल्लेख छ ।

यस्तै सोही मुद्दामा गाउँपालिका तत्कालिन उपाध्यक्ष एवं योजना अनुगमन समितिका संयोजक तिर्थमाया खत्वे, सदस्यद्वय दुर्गानन्द यादव र बिरेन्द्र कुमार यादवले बास्तविक भन्दा बढी कार्य भएको प्रतिवेदन पेश गरि भुक्तानीका लागि सिफारिस गरेकोले दोषि देखिएको भन्दै आरोप पत्रमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १९ को उपदफा २ बमोजिमको कसुरमा कैद र जरिवाना सजाय समेतको माग दाबी गरिएको छ ।

उक्त कार्यमा उपभोक्ता समितिका अध्यक्ष रबेन्द्र कुमार यादव, सचिव धिरेन्द्र यादव र कोषाध्यक्ष रेणु कुमार यादव समेतको संलग्नता रहेको अख्तियारद्वारा विशेष अदालतमा दायर आरोप पत्रमा उल्लेख छ । निजहरुले सर्त एवं सम्झौता विपरीत भए गरेको कार्य भन्दा बढी कार्य गरेको भनी नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, बिल भरपाई, डोर हाजिरी लगायतका झुठा कागजात तयार गरि भ्रष्टाचार गरेको अख्तियारले विशेष अदालतमा पेश गरेको आरोप पत्रमा उल्लेख छ ।



## सम्पादकीय

# डेंगुबाट बचौं र बचाऔं

अहिले मुलुकभर डेंगुका बिरामीहरु बढ्दै गएको छ । केही दिनदेखी यसबाट संक्रमित बिरामीहरु बढ्दै जाँदा केन्द्रिय स्वास्थ्य शाखाले सबैलाई सर्तकर्ता अपनाउन अपिल गरेको छ । यस महामारीबाट बच्न आफ्नो घर वरिपरि पानी जम्ने ठाउ सफा राख्न आग्रह गरेको छ । यो रोग लामखुट्टेबाट सर्ने गर्दछ । बढी पानी संकलन भएका ठाउँमा लामखुट्टेको लागि उपयुक्त वातावरण भएकाले बढी, छिटो र तीव्र गतिमा फैलिने गर्दछ ।

अहिले नेपालमा पनि डेंगुका बिरामीहरु बढीरहेका छन् । गत वर्ष डेंगु प्रकोपका कारणले ५४ हजार ७ सय ८४ संक्रमित हुँदा ८८ जनाको ज्यान गएको थियो । विगका वर्ष सप्तरीमा पनि यस रोगबाट १३ जना संक्रमित भएका थिए । यस महामारीबाट बन्च लामखुट्टेले फुल पार्न सक्ने घरभित्रका सम्भावित ठाउँ, वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाँडाहरू खोजी-खोजी सफा गर्नुपर्छ । त्यस्तै लामखुट्टेको फुल पनि नष्ट गर्नुपर्दछ ।

तसर्थ यस महामारीबाट बच्न सबैले आ-आफ्नो घर वा वरिपरि पानी जम्ने ठाउँलाई सफा गर्नुका साथै त्यस्ता ठाउँलाई दैनिकी रुपमा सफा राख्न सकिए लामखुट्टेको प्रकोप कमहुनुका साथै डेंगुबाट बच्न सकिन्छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# अर्वाडहरुको दौडमा बैंकिङ क्षेत्र

**रिसव गौतम**

काठमाडौं, २३ भदौ (रासस) ।

विश्वासमा अडेको, विश्वासमै चलायमान हुने र गति लिने क्षेत्र हो बैंकिङ क्षेत्र । विश्वासमै टिकेको क्षेत्र भएकाले पनि बैंक तथा वित्तीय क्षेत्रले जनताको मन जित्न अनेक कोशिस गरिरहन्छन् । नेपालमा २०४६ सालपछि सबैभन्दा प्रगति गरेको क्षेत्र पनि बैंक तथा वित्तीय क्षेत्र नै हो । विगत दुई वर्षयता अर्थतन्त्रको तेस्रो खम्बा अनि समाजवादतर्फको यात्राको कडीका रुपमा हेरिएको सहकारी क्षेत्रले जनविश्वास गुमायो । खासगरी वित्तीय क्षेत्रको अहिलेको अवस्था तहसनहन नै छ । सहकारी क्षेत्रमा राजनीति गर्नेहरु छिरेपछि, दलाल तथा माफियाहरु छिरेपछि र अकुत एवं शङ्कास्पद धन आर्जन गर्नेहरु छिरेपछि ब्यापक सङ्कट आइरहेको छ ।

सहकारी क्षेत्रमा उत्पन्न सङ्कट र गुमेको विश्वासले पनि अन्तत ‘क’, ‘ख’ र ‘ग’ बर्गका वित्तीय संस्थाहरुलाई नै लाभग्राही बनाएको छ । यसको कुशल नियमन नेपाल राष्ट्र बैंकले गरिरहेको छ । अहिले बैंकहरुमा ७ खर्ब भन्दा बढी ऋण प्रवाह गर्न सकिने तरलता थुप्रिएको अवस्था छ । त्यसरी बढ्नुमा सहकारी क्षेत्रको सङ्कट देखेका जनताले पैसा बैंकहरुमा थुपारिनु हो । हरेक आर्थिक वर्षको कात्तिक-मङ्सिरतिरैबाट नेपालमा तरलता अभाव हुने थालेको थियो । त्यसकारण राष्ट्र बैंकको कुशल भूमिकाकै कारण नेपालमा बैंक तथा वित्तीय संस्था आजको समयमा सबल देखिन्छन् ।

कतिपय अवस्थामा धर्मराएका वित्तीय संस्थालाई पनि राष्ट्र बैंकले ट्र्याकमै ल्याएको छ । जस्तो कि केही महिनाअघि एनआइसी एसिया बैंकका बारेमा एकाध व्यक्तिले अफवाह फैलाए । सामाजिक सञ्जालमा प्रभाव बटुलेका त्यस्ता व्यक्तिको अफवाहकै कारण सो बैंकको एक महिनामै रु ३० अर्बभन्दा बढी निक्षेप अरु बैंकमा गएको समाचार समेत आयो । तर अफवाह धेरै दिन टिकेन र राष्ट्र बैंकले पनि टेवा र प्रभावकारी भूमिका दिएर एनआइसी एसिया बैंक करिब पहिलाकै अवस्थामा फर्कियो । यसकारण बैंकिङ क्षेत्रमा विश्वासको ठूलो महत्व रहन्छ । तर जनविश्वास कमाउन पछिल्ला केही वर्षयता जसरी बैंकहरुले अर्वाड (पुरस्कार) मोह देखाएका छन् । त्यो छदम् विकृत प्रतिस्पर्धा जस्तो देखिएको छ ।

नेपाली जनताले नै नचिनेका अन्तर्राष्ट्रिय संघसंस्थाहरुले दिएको अर्वाडकै भरमा बैंकको विश्वास कसरी बढोत्तरी हुँदो हो त ? त्यस्तो गलत अभ्यासमा लाग्नु फेसन जस्तो मात्र देखिन्छ । जस्तो पछिल्ला वर्षहरुमा बैंकिङ क्षेत्रमा बेष्ट बैंक अर्वाड, एसिया मनि अर्वाड, युरो मनि अर्वाड, बैंक अफ दि एसिया अर्वाडलगायतका नानाथरी अर्वाडहरुको बजार हल्ला ब्यापक छन् । तर के एकपछि अर्को बैंकहरुले तिनै र त्यस्तै अर्वाडहरु लागि प्रस्तिपर्धा गर्नु र पाउनु उत्कृष्ठ सेवाको परिचायक हो त ? त्यसरी अर्वाड दिने संस्थाहरुलाई नेपालीले चिन्छन् त ? किन भइरहेको छ अर्वाड प्राप्त गर्ने लिगलिगे दौड ? त्यसमा बैंकहरुले कति धनराशि खर्च गरिरहेका छन् ? त्यसको उपादायता के ? वास्तम्बमा राष्ट्र बैंकको एकै मापदण्डमा चलेका बैंकहरु सबै समान हुन् । उत्कृष्ठ वा कमसल के हो त्यो छुट्याउने भनेको नेपाली ग्राहकहरुले नै हो । अमूर्त विदेशी संस्थाहरुलाई कसरी थाहा हुन्छन् कि कुन बैंकले कस्तो सेवा दिइरहेका छन् । त्यसको गुणस्तर के छ ? त्यो भोग्नेलाई न थाहा हुन्छ ।

खासगरी भन्ने हो भने बैंकहरुले दिने सेवाको गुणस्तर, डेलीभरी, ग्राहकहरुसँग गर्ने मैत्री व्यवहार, प्रचारमा मात्र नभएर साँचो अर्थमा गरिने सामाजिक उत्तरदायित्वको गतिविधिहरु, सरकारी कर तथा राजस्वमा खेलेको भूमिका, ब्याजदरमा सहुलियत, रोजगारी र उद्यमशीलता अभिवृद्धिमा खेलेको भूमिका, राष्ट्र बैंकले अनिवार्य गरेका क्षेत्रमा भएका लगानीको अवस्था राम्रो भए ती बैंक राम्रोमा दरिने हुन् । फगत नेपालीले नचिन्ने अन्तर्राष्ट्रिय संस्थाहरुले दिने अर्वाडले होइन । त्यसकारण बैंकहरुले गुणस्तरीय सेवा प्रवाह, ग्राहकमैत्री व्यवहार, कुशल सम्बन्ध, गरिव किसानलाई पनि ऋण प्रवाहीकरणमा समेटनु, दुर्गम तथा पहुँचविहीनहरुकामा पुग्ने कुरामा प्रतिस्पर्धा जरुरी छ । आधुनिक सेवा सुविधा दिने कुरामा प्रतिस्पर्धा जरुरी छ । अर्वाडको दौडमा होइन । त्यसैगरी कतिपय बैंकहरुले मिडियामा यो सुविधा, त्यो सुविधा दिने भनेर हल्ला गर्ने तर त्यसको गुणस्तर र दिगोपन समेत भएको पाइँदैन । वित्तीय क्षेत्रले त्यसलाई सुधार्न जरुरी छ ।

**सामाजिक उत्तरदायित्वमा विकृति**

हरेक दिनका अखबार वा अनलाइन पोर्टलहरु हेर्दा फलानो बैंक वा वित्त कम्पनीले यति थान कपडा बाँड्यो अथवा वृक्षरोपण गर्‍यो अथवा विद्यार्थीहरुलाई कापीकलम बाँड्यो वा वृद्धवृद्धालाई निःशुल्क भोजन गरायो वा त्यस्तै-त्यस्तै समाचार आइरहेका हुन्छन् । त्यसरी बैंक-वित्त संस्थाहरुले गरिरहेका गतिविधिहरु उनीहरुका सामाजिक उत्तरदायित्व कार्यक्रम (सिएसआर) हुन् ।

सबै त होइनन् तर धेरैले सामाजिक उत्तरदायित्व कार्यक्रमका नाममा कनिका मात्र छर्ने गरेका छन् । एकाधले सिङ्गै स्कुल, धर्मशाला, मठमन्दिर वा गरिवको छाना-नानाको व्यवस्था पनि गरेका समाचार आउँछन् । तर सामाजिक उत्तरदायित्व बहन गर्ने बैंक-वित्त कम्पनीहरुमध्ये धेरैले नाम मात्रैको सहयोग गर्ने गरेका छन् । सो विषयमा धेरैलाई वास्ता छैन । मिडियाले पनि सो विषय गौण ठान्छ । तर वार्षिक अरबौं कमाउने बैंकहरुले सामाजिक उत्तरदायित्वका नाममा आफूले छेरेका कनिकाहरुबारे निकै नै प्रचारप्रसार भने गरिरहेका हछन् । उनीहरुका ससाना समाचारहरुले पनि मिडियामा राम्रै स्थान पाएका हुन्छन् । धेरैजसो मिडिया पुरापुर विज्ञापनमा निर्भर भएकाले पनि त्यसो भएको हुन सक्छ ।

सामाजिक उत्तरदायित्व र समाजप्रतिको दायित्व ठोस रुपमा रहेको देखिंनन् । त्यसैकारण कमाउधन्दामुखी र विज्ञापनमुखी मिडियाहरुमा बैंक तथा वित्तीय संस्थाहरुको विकृत कृयाकलापहरु बारे कमै समाचार आउने गर्दछ । यद्यपि सामाजिक उत्तरदायित्व बैंकहरुको मात्रै दायित्व भने होइन । सबै खालका निजी तथा सरकारी व्यावसायिक सङ्घसंस्थाहरुको दायित्व हो । नेपालमा बैंक तथा वित्तीय संस्था तथा बीमा कम्पनीहरुबाहेक आयआर्जन सबल भएका उद्योगधन्दा निकै कम छन् । त्यसैले उनीहरु सबैको नजरमा छन् ।

आजको विश्वमा व्यावसायिक संस्थाहरुले आफुले कमाएको मुनाफाबाट कम्तिमा २ प्रतिशत सामाजिक उत्तरदायित्व वहन गर्ने हिसावले खर्च गर्ने गरेका छन् । नेपालको हकमा पनि यस चलन चलेको दशकौं भइसकेको छ । तर नेपालमा बैंक-वित्तीय क्षेत्रबाहेक सीमित व्यावसायिक संस्थाहरुले मात्रै समाजप्रतिको दायित्व निर्वाह गरेका देखिन्छन् । सामाजिक उत्तरदायित्व निर्वाह गर्न नेपालका उद्यम व्यवसाय साँच्चीकै मनदेखि लागेका छैनन् । बैंकहरुले पनि देखावटी मात्रै गरिरहेका छन् । उनीहरुले कुल नाफाको दुई प्रतिशत त्यस क्षेत्रमा सहयोग त गरेकै छैनन् ।

बैंकले ऋण उठाउने नाममा कुनै व्यक्तिलाई आत्महत्या गर्ने हदसम्म दबाब दिन मिल्दैन । व्यक्तिले ऋण नै तिर्न नसक पनि उसले बाँच्न पाउने अधिकार पहिलो हो । मानवीयता त बैंकको नाफा वा ऋण असुलीभन्दा पहिलो प्राथमिकता हुनुपर्ने हो । एकातिर बैंकहरुले सामाजिक उत्तरदायित्व, गरिबहरुको सेवा गर्ने भन्दै करोडौं बजेट छुट्याए झैं गर्ने, कहीँ कतै कनिका छरे झैं पनि गर्ने अर्कोतिर गरिवहरु १०-२० लाख ऋण समयावधिमै तिर्न नसक्दा मृत्युवरण गर्नुपर्ने अवस्थाको सिर्जना गरिदिने पनि गरेका घट्नाहरु छन् । अन्त्यमा, बैंकहरुले अर्वाड प्राप्त गर्न गर्ने खर्च सामाजिक उत्तरदायित्व वहन गर्न गरेको अवस्थामा बैंकको जनताप्रतिको विश्वास र भरोसा पनि बढ्छ । त्यसले एउटा तह र तप्काका अभावग्रस्त मान्छेहरुको आवश्यकता पनि पूर्ति हुनेछ । (लेखक आर्थिक लेखक तथा विश्लेषक हुनुहुन्छ)

# पर्सामा चर्को आवाजका डिजे र लाउड स्पिकर बजाउन रोक

वीरगञ्ज (पर्सा), २३ भदौ (रासस) ।

पर्सा प्रशासनले जिल्लाभित्र हुने विभिन्न राजनैतिक तथा धार्मिक-सांस्कृतिक कार्यक्रममा मानव स्वास्थ्यलाई असर पर्ने गरी चर्को आवाजमा ‘डिजे स्पिकर’, ‘लाउड स्पिकर’ बजाउनको लागि रोक लगाएको छ ।

प्रशासनले अत्यधिक चर्को स्वरमा बजाइने डिजे र लाउड स्पिकरलगायतले मानव स्वास्थ्यमा प्रत्यक्ष असर पारेको भन्दै नियन्त्रण गर्न लागेको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको भदौ २१ गते बसेको बैठकले सांस्कृतिक कार्यक्रम, चार्डपर्व, धार्मिक ऱ्याली, जुलुस, सम्मेलन, बैठक वा प्रचार प्रसारात्मक क्रियाकलाप गर्दा मानव स्वास्थ्यलाई नै असर पर्ने गरी डिजे, स्पिकर, लाउड स्पिकर ठूलो स्वरले बजाउने, आतिसवाजीहरू गर्ने जस्ता गतिविधिलाई नियन्त्रण गर्ने निर्णय गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जिल्ला सुरक्षा समितिको निर्णयअनुसार पर्सामा चर्को आवाज र आतिसवाजी गर्ने जस्ता गतिविधि गर्नेलाई नियन्त्रणमा लिएर कारवाही गरिने बताउनुभएको छ । उहाँले सो सूचनाको बर्खिलाप हुने गरी त्यस्ता कार्यहरु गरेमा कानुन बमोजिम कारवाही हुने बताउनुभयो ।

# मातृभाषालाई प्रदेश र स्थानीय तहले कामकाजको भाषा बनाउनुपर्छ : पर्यटनमन्त्री पाण्डे

काठमाडौं, २३ भदौ (रासस) ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मातृभाषालाई प्रदेश र स्थानीय तहले कामकाजको भाषा बनाउनुपर्ने बताउनुभएको छ । भाषा आयोगको स्थापना दिवसका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले भाषाको प्रवर्द्धनका निम्ति कामकाजी भाषाको प्रयोग बढाइनुपर्ने बताउनुभयो ।

मन्त्री पाण्डेले नेपालमा हाल भाषाको सङ्ख्या एक सय ३१ वटा पुगेको र यो सङ्ख्या अझै थपिँदै जाने उल्लेख गर्नुभयो । उहाँले ध्वनि जबसम्म लिपीका रूपमा आउँदैन तबसम्म लोप हुन सक्ने धारणा राख्नुभयो । मन्त्री पाण्डेले भन्नुभयो, “भाषाको प्रवर्द्धन महत्वपूर्ण छ । व्यक्तिले आफ्नो मातृभाषा कामकाज तथा सम्पर्क स्थापित गर्ने अवसर पाउनुपर्छ ।”

उहाँले आफूले जिम्मेवारीमा आएपछि हालसम्म मन्त्रालयको बारेमा बुझिसकेको र अब सुधार तथा रूपान्तरण गरेर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । मन्त्रालय मातहतको संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रलाई सुधारेर यसप्रतिको विश्वास अभिवृद्धिमा सक्रिय हुने उहाँको भनाइ थियो । मन्त्री पाण्डेले आफूले सत्य र निष्ठाका साथ सुधार गर्ने शपथ ग्रहण गरेको स्मरण गर्नुहुँदै मन्त्रालयमा भएका बेथितिलाई सुधारेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# मुस्लिम समुदायका जुम्ल्याहा छोराले पाउँदैछन् एमबिबिएसको छात्रवृत्ति

**हिमाल लम्साल**

वीरगञ्ज (पर्सा), २३ भदौ (रासस)।

पर्साको पकाहाँमैनपुर गाउँपालिका–४ लाहावरथकरी स्थायी घर भई हाल श्रीपुर वीरगञ्जमा बसोबास गर्ने फिरोज राकीको परिवारमा गत शुक्रबारदेखि छुट्टै खुसी छाएको छ। उहाँका जुम्ल्याहा छोरा नसिम राकी र असिम राकीले चिकित्सा शिक्षा स्नातक तह (एमबिबिएस) को प्रवेश परीक्षामा छात्रवृत्तिका लागि योग्य भएसँगै परिवारमा एकैसाथ हर्ष र खुसी छाएको हो।

चिकित्सा शिक्षा आयोगले गत भदौ १४ गते शुक्रबार सार्वजनिक गरेको एमबिबिएसको प्रवेश परीक्षामा राकीका छोरा नसिम राकीले १५८ दशमलव २५ अङ्क ल्याएर देशैभरिमा ५४औँ स्थानमा नाम निकाल्नुभएको छ। त्यस्तै गरी अर्का छोरा असिम राकीले पनि १३८ दशमलव २५ अङ्क ल्याएर तीन सय ७३औँ स्थानमा नाम निकाल्नुभएको थियो। आयोगले भदौ १४ गते सार्वजनिक गरेको नतिजामा सामान्य त्रुटि भएको भन्दै भदौ १६ गते नतिजा सच्याएसँगै असिमले प्राप्त गरेको स्थान तीन सय ६८औँ कायम भएको छ। यद्यपि आयोगले नसिम र असिमले पढ्ने मेडिकल कलेजको सूची भने सार्वजनिक गरिसकेको छैन।

राकीका जुम्ल्याहा सन्तानले आरक्षणको कोटामा पनि फर्म भरेकाले पनि छात्रवृत्ति पाएर 'एमबिबिएस जस्तो प्रतिष्ठित शिक्षा निःशुल्क अध्ययन गर्ने लगभग निश्चित जस्तै छ। मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने राकी परिवारमा खुसी छर्ने काम भने उहाँकै सन्ततिले गरेका हुन्। "जेठी छोरी डाक्टर नबु र माइला छोरा समिरले पैसा तिरेरै एमबिबिएस अध्ययन गरिरहेका छन्", उहाँले भन्नुभयो, "यसपाली त जुम्ल्याहा छोराले झनै छात्रवृत्तिमा नै नाम निकालेपछि त झनै हर्षित भएका छौँ।"

फिरोज राकी र नसिमा प्रविण त्यस्ता भाग्यमानी बुबाआमा हुनुहुन्छ। यसको कोखबाट जन्मिएका चारै सन्तानले एमबिबिएस जस्तो प्रतिष्ठित शिक्षा पढ्ने अवसर पाउँदैछन्। "मेरा चारै सन्तान एमबिबिएस अध्ययन गर्ने अवसर पाएका छन्", उहाँले भन्नुभयो, "मुस्लिम समुदायभित्र रहेर पनि छोराछोरीलाई असल संस्कारसहितको शिक्षादीक्षा दिएकै कारणले यो सम्भव भएको हो।"

गत वर्ष पनि जुम्लाहा छोराले शुल्क तिरेर एमबिबिएस पढ्नेमा नाम निकाल्नुभएको थियो। तर, शुल्क तिरेरै पढ्नु भएन। थप एक वर्षको मेहनतपछि दुवै छोराले छात्रवृत्तिमा नै पढ्ने अवसर जुरेको छ। एमबिबिएसको प्रवेश परीक्षामा हालसालै नाम निकालेका नसिम राकीले दोस्रो प्रयासमा मात्रै पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको बताउनुभयो। "अघिल्लो वर्ष पनि इन्ट्रान्स परीक्षा दिएका थियौँ।"

"तयारी र समय अभावका कारणले पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सकेनौँ", उहाँले भन्नुभयो, "बुबाआमाको प्रेरणा र आफ्नो नियमित र निरन्तर अध्ययनकै कारणले छात्रवृत्तिमा नाम निकाल्न सम्भव भएका हौँ। भर्खरै पहिलो खुड्किलो पार गरेका छौँ। अब राम्रोसँग अध्ययन गरेर दिनदुःखी र गरिबीको दुष्चक्रमा परेका उपचार नपाएकाहरुको सेवा गर्ने रहर छ।"

आफ्नो जुम्ल्याहा भाइसँगै छात्रवृत्तिमा नाम निकाल्नुभएका दाइ असिम राकीको पनि खुसीले हर्षित भएको बताउनुहुन्छ। "अघिल्लो वर्षमा भएका गल्ती र कमजोरलाई हटाउँदै नयाँ जोश र उमङ्गले अध्ययन गरेकाले पनि यो वर्ष एमबिबिएसको इन्ट्रान्स परीक्षा क्र्याक गर्न सफल भएका हौँ", उहाँले भन्नुभयो।

नसिम र आसिम राकी दुवै १० कक्षा वीरगञ्जकै सामुदायिक विद्यालय माईस्थान विद्यापिठबाट अध्ययन गर्नुभएको हो। उहाँहरुले कक्षा ११ र १२ भने ललितपुरको प्रसादी एकेडेमीबाट अध्ययन गर्नुभएको थियो।

बुबा फिरोज आफैँ पनि मेकानिकल इन्जिनियरका रुपमा २५ वर्षभन्दा धेरै समय बिताउनुभयो। अहिले भने उहाँ वीरगञ्जकै एक शिक्षण संस्थामा अध्यापन गराउँदै आइरहनुभएको छ। छोराछोरीलाई दुःखजिलो गरेर नै अध्ययन गराउँदै आइरहेको उहाँको भनाइ छ। "मैले २५ वर्षभन्दा धेरै समय नेपालकै प्रतिष्ठित उद्योगी पद्म ज्योतिको हिमाल स्टिलमा काम गर्ने मौका पाए। त्यहाँ मैले परिवार र समाजलाई असल संस्कार दिने कुरा भने धेरै सिक्ने मौका पाए।"

उहाँले विगत स्मरण गर्दै भन्नुभयो, "अहिले पनि सामान्य खालकै घरमा बसोबास गर्दै आइरहेको छौँ। मलाई कहिल्यै पनि धन सम्पत्ति जोड्न भन्दा पनि सन्तानको पढाईलाई कसरी राम्रो गराउनेतर्फ मात्रै ध्यान दिदैँ आइरहे। अहिले त्यसैको नतिजा पाएजस्तो अनुभव भइरहेको छ।"

मदर्सा इस्लामिया प्रसोतिपुर, लालपर्साकी प्रध्यानाध्यापक समेत रहनुभएकी आमा नसिमा प्रविणले पनि असल संस्कारकै कारणले आफ्ना चारै सन्तानले चिकित्सा शिक्षा अध्ययन गर्ने अवसर पाएको दावी गर्नुभयो। "हामीले कहिल्यै पनि चारै जना सन्तानलाई कहिल्यै पनि डाक्टर बन्नुपर्छ भनेर दबाब दिएनौँ", उहाँले भन्नुभयो, "जेठी छोरी नबुले एमबिबिएसमा नाम निकालेपछि अन्य भाइले पनि दिदीको सिको गर्दै अघि बढ्दा यो सफलता हात पारेका हुन्।"

फिरोजका जेठी छोरी डाक्टर नबु प्रविण युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवामा एमबिबिएसको अध्ययन सकेर अहिले इन्टनशीप गरिरहनुभएको छ। नबुले पनि २०७५ सालमा पैसा तिरेरै एमबिबिएस अध्ययन गर्नुभएको हो। त्यति मात्रै होइन, फिरोजका माइला छोरा समीर राकी पनि २०८० सालको एमबिबिएसको प्रवेश परीक्षामा पैसा तिरेर पढ्नेमा नाम निकालेर अहिले धरानस्थित बिपी कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्सेसमा पहिलो वर्षमा एमबिबिएस अध्ययनरत हुनुहुन्छ।

आमा नसिमा प्रविणले आफ्नो श्रीमान्को साथ र सहयोगकै कारणले आफूले पनि बीचैमा रोकिएको अध्ययनलाई अघि बढाउने अवसर पाएको सुनाउनुहुन्छ। "मेरो विवाह हुँदा आठ कक्षा मात्रै पढेकी थिए", उहाँले भन्नुभयो, "श्रीमान्कै प्रेरणाकै कारणले रोकिएको पढाईलाई फेरि निरन्तरता दिने मौका पाए। यसका कारणले कारणले अहिले मदर्सा विद्यालयको नेतृत्व पनि हाँकिरहेको छु।"

अहिले पनि मुस्लिम समुदायका व्यक्तिहरुले आफ्ना छोराछोरीलाई शिक्षादीक्षा दिने विषयमा कञ्जुस्याइँ गरिरहेको उहाँले गुनासो गर्नुहुन्छ। "मुस्लिम समुदायमा अझै पनि छोराछोरीलाई पढाइलेखाइ त्यति धेरै चासो नदिँदा धेरै पछाडि परिरहेको अनुभूति गरेका छौँ", उहाँले भन्नुभयो, "छोरा होस् या छोरी दुवैलाई असल शिक्षा दिन कोही पनि पछि हट्नु हुँदैन।"

बुबा राकीले आफ्नो परिवारका सदस्यलाई असर संस्कार र पढ्ने वातावरण तयार पार्न सबै बुबाआमा लाग्नुपर्ने सुझाव दिनुहुन्छ। "संस्कार माला जस्तै किनेर पाइँदैन", उहाँले भन्नुभयो, "जुनसुकै अभिभावकले पनि आफ्नो छोराछोरीको चाहना र आकाङ्क्षाअनुसार नै अघि बढ्ने वातावरण मात्रै तयार गर्ने हो। आफ्नो भविष्यको ढोका त छोराछोरीले नै खोल्ने हो।"

आफ्ना चारवटै सन्तानले वरिष्ठ चिकित्सक गोविन्द केसीको पद्चाप पछ्याइदिएको खण्डमा खुसी हुने बताउनुहुन्छ। "मेरा चारै सन्तानले वरिष्ठ चिकित्सक केसीले जस्तै असहाय र गरिबी जनतालाई स्वास्थोपचार गरुन् भन्ने चाहना रहेको छ", उहाँले भन्नुभयो, "असल शिक्षा र वातावरण दिएकाले पक्कै पनि सो पद्चाप अँगाल्छन् भन्ने आशा र विश्वास लिएको छु।"


## सर्टिफिकेट हराएको सूचना

जिल्ला सप्तरी विष्णुपुर गाउँपालिका वडा नं. ७ बस्ने दिनेश कुमार साहको Serial No. M 0066372 र NEB Registration No. 771557088 भएको Migration Certificate २०८१ साउन ७ गते राजविराजबाट छिन्नमस्तातर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ।

**आग्रहकर्ता : दिनेश कुमार साह**

**मोबाइल नं. ९८१९९२०१२७**


## विश्व समाचार

### ग्रीसद्वारा आर्थिक संकटको व्यवस्थापनका लागि नयाँ योजना सार्वजनिक

एथेन्स, २३ भदौ (रासस/एएफपी)।

ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोटाकिसले नागरिकको क्रयशक्ति बढाउन र देशको आवास सङ्कटसँग जुध्न नयाँ नीतिको घोषणा गर्नुभएको छ।

नयाँ योजनामा न्यूनतम ज्यालामा १४ प्रतिशतले वृद्धि, पेन्सनमा र पर्यटक करमा २.५ प्रतिशतले वृद्धि गर्ने उल्लेख गरिएको छ।

युरोपेली सङ्घमा सन् २०२३ मा प्रतिव्यक्ति दोस्रो सबैभन्दा कम जिडिपी भएको ग्रीसमा सन् २०२७ सम्ममा समृद्धि ल्याउने मित्सोटाकिसले शनिबार थेसालोनिकी अन्तर्राष्ट्रिय मेला (टीआईएफ) को उद्घाटन समारोहमा बताउनुभयो।

सम्बोधनमा ग्रीक प्रधानमन्त्रीले सार्वजनिक र निजी क्षेत्रको ज्यालामा एकरूपता, सस्तो ऊर्जाको प्रयोग गरी हरित सङ्क्रमण र पर्यटनमा बढ्दो वृद्धिको प्रभाव न्यूनीकरणलगायत आफ्नो सरकारले सामना गर्नुपरेका प्रमुख नौ प्रकारका चुनौतीको सामना गर्न नयाँ योजना सार्वजनिक गर्नुभएको हो।

उहाँले देशको घट्दो र वृद्ध जनसङ्ख्याको असरलाई कम गर्न प्रभावकारी काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो। एक करोड जनसङ्ख्या भएको र पर्यटनमा अत्यधिक निर्भर रहेको ग्रीकले महामारीपछिको मन्दीका कारण झण्डै एक दशक लामो आर्थिक सङ्कटको सामना गर्नुपर्ने अधिकारीहले बताएका छन्।

उच्च मुद्रास्फीतीको कारण आकाशिएको आवास र खाद्यान्नको मूल्य भर्खरै घट्न थालेको छ। सन् २०२३ मा ग्रीसको औसत वार्षिक आय युरोपेली औसतभन्दा आधा थियो भने न्यूनतम ज्याला फ्रान्सको भन्दा आधाभन्दा कम अर्थात् मासिक ८३० युरो (९२० अमेरिकी डलर) रहेको छ।

मित्सोटाकिसले सन् २०२५ मा पेन्सनमा २.५ प्रतिशतसम्म वृद्धि गर्ने र सन् २०२७ सम्ममा न्यूनतम ज्याला क्रमशः ९५० युरो पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उनले जन्मदर बढाउन र भाडा बजारलाई गति दिन कर लाभका लागि नयाँ प्रोत्साहनको पनि घोषणा गर्नुभएको छ।

स्वरोजगारलाई विशेष छुट दिने कार्यक्रमलाई क्रमशः समाप्त गरिने, ऊर्जा कम्पनीहरूमा हुने अप्रत्याशित करबाट २४ करोड ३० लाख युरो जम्मा गरी यस राजस्वलाई कमजोर नागरिकहरूलाई वितरण गर्ने योजना सरकारले अघि सारेको छ।

मित्सोटाकिसले ग्रीक बन्दरगाहमा क्रुज जहाजबाट ओर्लिने र दुई लाख ५० हजार युरोसम्म लगानी गर्ने विदेशीहरूका लागि गोल्डेन भिसा योजनाको पनि घोषणा गरेको छ।

### पूर्वी युक्रेनको नोवोरोडिभ्का नगर रूसी कब्जामा

मस्को, २३ भदौ (रासस/एएफपी)।

रूसी सेनाले आइतबार पूर्वी युक्रेनको एक नगर कब्जामा लिएको जनाएको छ। रूसी सेना रणनीतिक शहर पोक्रोभ्स्कलाई आफ्नो नियन्त्रणमा लिन अघि बढिरहेको छ।

सेनाले पोक्रोभ्स्क शहरबाट करिब २० किलोमिटर टाढा रहेको डोनेट्स्क क्षेत्रमा पर्ने 'नोवोरोडिभ्का क्षेत्रलाई 'मुक्त गराएको' रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

सन् २०२२ को फेब्रुअरीमा रूसी आक्रमण सुरु हुनुअघि यस नगरका १४ हजारभन्दा बढी बासिन्दा रहेको सरकारी तथ्याङ्कले देखाएको छ। रूसी सैनिकहरू अब रसदका लागि महत्वपूर्ण मानिने पोक्रोभ्स्कको नजिकै अघि बढिरहेका छन्।

अगष्ट ६ मा कुर्स्क क्षेत्रमा युक्रेनले अचानक सीमापार आक्रमण गरे तापनि मस्कोले डोनेट्स्कमा निरन्तर आफ्नो पकड जमाइराखेको छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा ३० महिना लामो युद्धपछि आफ्नो मुख्य उद्देश्य डोनेट्स्कसहित पूर्वी डोनबास क्षेत्र कब्जा गर्नु रहेको बताउनुभएको छ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउके दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी**

# यूवाहरुलाई प्रोत्साहनका लागी मधेश प्रदेश सरकारले सकेसम्म पहल गर्ने : मुख्यमन्त्री सिंह




**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिहले खेलकुदमा लागेर प्रदेशका साथै देशको समेत नाउँ उच्च पार्ने यूवाहरुलाई प्रोत्साहनका लागी मधेश प्रदेश सरकारले सकेसम्म पहल गर्ने बताएका छन् ।

आईतवार गृह जिल्लाको राजविराजमा सप्तरी क्रिकेट संघको ५ औं वार्षिक साधारण सभालाई प्रमुख अतिथीको आसनबाट सम्बोधन गर्दै उनले यस्तो बताएका हुन ।

उनले कुलतमा लागेका युवालाई खेलकुदतर्फ आर्कषित गरेर उनीहरुको भविष्य सुर्धानु पर्ने कुरामा जोड दिदै भने, "यूवाहरु कुलतमा फस्नु चिन्ताको विषय हो, उनले भने-कुलतबाट जोगाई उनीहरुको उर्जा खेलकुद र मुलुक निर्माणमा लगाउनु आवश्यक छ ।"

कर्णाली प्रदेशमा हुन लागेको दशौं राष्ट्रियखेलकुद प्रतियोगितामा मधेश प्रदेशबाट पनि बढी भन्दा बढी सहभागिता जनाई धेरै संख्यामा पदक हासिल गर्ने तर्फ प्रयत्नशिल रहन उनले आग्रह गरे ।

मुख्यमन्त्री सिंहले दुई वर्ष पछी मधेश प्रदेश मै ११ औं राष्ट्रिय खेलकुद प्रतियोगितको आयोजना हुने तय भईसकेको भन्दै यसका लागी जनकपुर, विरगंज र राजविराजमा खेलमैदान लगायत आवश्यक पूर्वाधार व्यवस्थापनका लागी केन्द्र सरकार समेतको सहयोग हासिल गर्ने प्रयत्नमा मधेश प्रदेश सरकार लागी परेको बताए ।

कार्यक्रममा जिल्लमा खेलकुदको विकासमा योगदान गरे वापत मुख्य मन्त्री सिंहलाई सप्तरी क्रिकेट संघको तर्फबाट अध्यक्ष आयुष श्रेष्ठले. दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका थिए ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन तथा २०८१/०८२ को बार्षिक कार्यक्रम प्रस्तुत गरेका थिए । एक वर्षको आयव्यय विवरणका साथै कार्यक्रममा उनले अगामी एक वर्ष भित्र जिल्लामा आयोजना गरीने महिला तथा पुरुष क्रिकेटका १३ वटा प्रतियोगिता र १/१ वटा बन्द प्रशिक्षण तथा टर्फ पिच निर्माणबारे विस्तृत जानकारी गराएका थिए ।

संघका सचिव चन्दन कुमार यादवद्वारा संचालित कार्यक्रममा जिल्ला खेलकुद विकास समितीका कार्यालय प्रमुख दिनेश भुजेल, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष मनोज कुमार माझी, वडा अध्यक्ष शशी चौधरी लगायतले पनि बोल्दै शुभकामना दिएका थिए ।

स्वागत मनतब्य संघका उपाध्यक्ष निरज सिहले दिएका थिए । आईतवार नै मुख्यमन्त्री सिह सप्तरीको भारदहमा आयोजित एक कार्यक्रममा शहिदको बलिदानबाट प्राप्त उपलब्धीको रक्षा गर्न आफू प्रतिबद्ध रहेको बताए ।

शहिद रामकृष्ण राउत स्मृती प्रतिष्ठानद्वारा आयोजित "शहिद रामकृष्ण राउतको नवौं स्मृतसभा" लाई सम्बोधन गर्दै उनले संघियताको रक्षा र मधेशमा ब्याप्त गरिबी, वेरोजगारी, अशिक्षालाई अन्त्य गर्न सके शहिदहरु प्रति सच्चा श्रद्धाञ्जली हुने बताए ।

"संघियताको रक्षा र शहिद परिवारको समस्याबारे प्रदेश सरकार गम्भीर छ, मुख्यमन्त्री सिहले भने- दुबै सवालमा प्रदेश सरकार कहिल्यै कसै संग गलत सहमती सम्झौता गर्न सक्दैन ।"

उक्त कार्यक्रम प्रतिष्ठानका अध्यक्ष राजकुमार राउतको अध्यक्षमा सम्पन्न कार्यक्रममा उनले शहिदको सम्मान गर्ने प्रयास स्वरुप भारदह अस्पतालको नामाकरण शहिद रामकृष्ण राउतको नामबाट गर्ने र उनको सालिक स्थापनामा समेत प्रदेश सरकार सघाउने प्रतिबद्धता जनाए ।

# सहिदको शालिक अनावरण गर्न पूर्वप्रधानमन्त्री प्रचण्ड सप्तरी आउँदै



**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौ ।**

पुर्वप्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सोमवार सप्तरी आउने भएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिका २ रक्साहामा निर्मित जनयुद्धका सहिद स्व.दुर्गाराज पौडेल र अर्जुन कोइरालाको शालिक अनावरण गर्न पुर्वप्रधानमन्त्री प्रचण्ड सप्तरी आउन लागेका हुन् ।

नेकपा माओवादी केन्द्र सुरुङ्गा नगर समितिको आयोजनामा सोमवार आयोजना हुने कार्यक्रमका लागि पुर्वप्रधानमन्त्री तथा पार्टी अध्यक्ष प्रचण्ड आउन लागेको नेकपा माओवादी केन्द्र सप्तरीका नेता यामबहादुर खापाङ्गी मगरले जानकारी दिए । सो अवसरमा अध्यक्ष प्रचण्डले कार्यक्रमलाई सम्बोधन समेत गर्ने कार्यक्रम रहेको उनले बताए ।

तत्कालिन नेकपा माओवादीको नेतृत्वमा भएको जनयुद्धका क्रममा सप्तरीको सप्तरीको सुरुङ्गा नगरपालिका २ रक्साहा निवासी पौडेललाई गत २०५५ साउन ३१ गते तत्कालिन शाही सेनाले उदयपुरको गाईघाटमा नियन्त्रणमा लिई चुरे जंगलमा पुऱ्याएर मारेको थियो । यस्तै सोही ठाउँका कोइरालाको गत २०६१ असोज २५ गते सेनाले उदयपुरगढी नगरपालिकाको गैयामा मारेको थियो ।

# माओवादी पार्टी संविधान संशोधन विरोधी होइन : अध्यक्ष दाहाल

विराटनगर, २३ भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधान संशोधनको विपक्षमा आफूहरू नरहेको बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा आइतबार बिहान पत्रकारसँगको भेटघाटमा उहाँले संविधान संशोधनका नाममा जनताको हकअधिकार र प्राप्त उलब्धिलाई मास्ने काम माओवादी पार्टीलाई सह्य नहुने धारणा व्यक्त गर्नुभयो ।

उत्पीडित वर्ग र समुदायका उत्थानका लागि ल्याइएको समानुपातिक एवं समावेशी व्यवस्था हटाउने भन्ने कुरा कदापि मान्य नहुने भन्दै अध्यक्ष दाहालले माओवादीले सुरु गरेको जनयुद्धबाट नै मधेसी, दलित, मुस्लिम, आदिवासी र जनजातिको अधिकार स्थापित भएको स्पष्ट गर्नुभयो ।

भ्रष्टाचारी एवं विचौलियालाई कारबाही प्रक्रिया सुरु गरेपछि आफ्नो नेतृत्वको सरकार सत्ताबाट बाहिरिनुपरेको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "माओवादी पार्टी सत्ताबाट बाहिरिएपछि देशव्यापी रुपमा पार्टीको सङ्गठन विस्तार, सुदृढीकरण र पुनःनिर्माणमा गर्न पार्टीलाई अवसर प्राप्त भएको छ, पार्टी सुदृढीकरण अभियानमा साथ दिन सबैसँग अनुरोध गर्दछु ।"

बहुमतका नाममा जथाभावी गर्ने छुट कोही कसैलाई पनि नरहेको स्पष्ट गर्दै अध्यक्ष दाहालले मुलुक र जनता विरोधी काम नगर्न सरकारलाई खबरदारी गर्नुभयो ।


## सुचना ! सुचना !! सुचना !!!

यस गैर सहकारी संस्था महासंघ (गैसस) सप्तरी शाखाद्वारा गैसस सदस्यहरुको नविकरण र आवद्धताको लागि सुचना प्रकाशन गरेको म्याद नाघीसकेको जानकारी गराउदै छुटनु भएका गैसस संस्थाहरुलाई तपसिलमा उल्लेखित कागजात सहित **२०८१ असोज २३ गते सम्म** नविकरण तथा आवद्धताको लागि पुनः यो सुचना प्रकाशन गरिएको छ । साथै नविकरण नगरिएको संस्था गैसस महासंघको सदस्य नरहने समेत जानकारी यसै सुचनाद्वारा गराईन्छ ।

**आवश्यक कागजातहरु**

– संस्थाको नविकरण प्रमाण पत्र
– समाज कल्याण परिषदको नविकरण प्रमाण पत्र
– कर चुक्ता प्रमाण पत्र
– आबद्धता फाराम

**नोट : आवश्यक कागजात बुझाउने स्थान सबल नेपाल राजविराज सप्तरी मिसेन कलेज नजिक**

**दीपककुमार झा**
अध्यक्ष
गैसस महासंघ सप्तरी शाखा, मो. ९८०१५००५००



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*